सखुवा प्रसौनी गाउँपालिका

स्थानीय राजपत्र

खण्ड - २ संख्या - ३ मिति : २०८०।०२।०८

भाग- २

सखुवा प्रसौनी गाउँपालिका


# सखुवा प्रसौनी गाउँपालिका शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०८०

प्रमाणिकरण मिति :२०८०।०२।०८

**प्रस्तावना**

शैक्षिक संस्थालाई व्यवस्थित र उत्साहजनक ढंगले सञ्चालन गर्न, शैक्षिक सुधारको अभियानलाई सार्थकता प्रदान गर्न, शैक्षिक संस्थामा क्रियाशील जनशक्तिलाई उत्साहित गर्न विद्यालय, वि.व्य.स, प्र.अ., शिक्षक, वाल विकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई काम र परिश्रमको उचित मुल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्था गर्न बाञ्छनीय देखिएकोले गाउँपालिकाबाट प्रदान गरिने सम्मान तथा पुरस्कारलाई व्यवस्थित एवं पारदर्शी बनाई कार्यान्वयन गर्न, सखुवा प्रसौनी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) ऐन, २०७७ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो "सखुवा प्रसौनी गाउँपालिका शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०८०" स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस मापदण्डको नाम "सखुवा प्रसौनी गाउँपालिका शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०८०" रहेको छ ।

१.२ यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) मापदण्ड भन्नाले "सखुवा प्रसौनी गाउँपालिका शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०८०" लाई बुझाउनेछ ।

ख) गाउँपालिका भन्नाले सखुवा प्रसौनी गाउँपालिकालाई बुझाउनेछ ।

ग) सामुदायीक विद्यालय भन्नाले गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीले निर्देष्ट गरे बमोजिमका यस गाउँपालिका भित्र संचालित सामुदायीक विद्यालयहरुलाई बुझाउनेछ ।

घ) विद्यालय व्यवस्थापन समिति भन्नले गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमका यस गाउँपालिका भित्र संचालित विद्यालयहरमा गठन भएका विद्यालय व्यवस्थापन समितिलाई बुझाउने छ ।

ङ) प्रधानाध्यापक भन्नाले गाउँपालिका भित्र संचालित विद्यालयका प्रधानाध्यापकहरुलाई बुझाउनेछ ।

च) शिक्षक भन्नाले सखुवा प्रसौनी गाउँपालिका भित्र रहेका विद्यालयमा कार्यरत सम्पुर्ण प्रकार तह र श्रेणीका शिक्षकलाई सम्झनु पर्दछ ।

छ) वा.कि.के.स.का. भन्नाले सखुवा प्रसौनी गाउँपालिका भित्र रहेका विद्यालयका बाल विकास केन्द्रमा सहयोगी कार्यकर्ता सम्झनु पर्दछ ।

ज) विद्यार्थी भन्नाले सखुवा प्रसौनी गाउँपालिका भित्र रहेका विद्यालयमा अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ । यसले कुनै पनि विद्यालयबाट यसै वर्ष एस.ई.ई. उत्तिर्ण भई गएका विद्यार्थीलाई समेत जनाउनेछ ।

झ) विद्यालय कर्मचारी भन्नाले सखुवा प्रसौनी गाउँपालिका भित्र रहेका विद्यालयमा कार्यरत शिक्षक बाहेकका विद्यालयका कर्मचारीलाई सम्झनु पर्दछ ।

ञ) पुरस्कार तथा सम्मान भन्नाले उत्कृष्ट कार्यसम्पादन तथा नतिजा प्राप्त गरे बापत कुनै पनि व्यक्ति संस्था वा समितिलाई प्रदान गरिने नगद,जिन्सी वा सम्मानपत्रलाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## अवधारण तथा लक्ष्य

३. मापदण्डको अवधारणाः

गाउँपालिका भित्र संचालित विद्यालयको शैक्षिक वातावरणमा सुधार गरि शैक्षिक गुणस्तरमा सुधार ल्याउन उत्कृत कार्यसम्पादन गर्ने व्यक्ति, संस्था र समितिलाई निष्पक्ष रुपमा सम्मान तथा पुरस्कार प्रदान गरि शिक्षक, विद्यार्थी तथा विद्यालायलाई प्रोत्साहन गर्नु यस मापदण्डको अवधारण रहेको छ ।

४. मापदण्डको उद्देश्यः

यस मापदण्डका उदेश्यहरु देहाय अनुसार रहेका छन्

क) सम्मान तथा पुरस्कारलाई व्यवस्थित गर्ने ।

ख) सम्मान तथा पुरस्कारलाई पारदर्शी बनाउने ।

ग) विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी तथा वि.व्य.स.को मुल्याङ्कनको आधार तय गर्ने ।

घ) सम्मान तथा पुरस्कार छनौट तथा प्रादन गर्ने विधिको निर्धारण गर्ने ।

## परिच्छेद -३

## छनौट प्रकृया

५. पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौट

क) गाउँपालिकाबाट प्रदान गरिने पुरस्कार तथा सम्मान पाउने, प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समितिको अन्तिम नामावलि गाउँ शिक्षा समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

ख) पुरस्कार तथा सम्मानको संख्या, प्रकार तथा रकम गाउँ शिक्षा समितिले निर्धारण गरे कमोजिम हुनेछ ।

ग) शिक्षक, विद्यार्थी, विद्यालय, विद्यालयका कर्मचारी, विद्यलाय व्यवस्थापन समितिको कार्यसम्पादन तथा नतिजाको मुल्याङ्कनको आधार परिच्छेद ४ ले तोके बमोजिम हुनेछ ।

घ) पुरस्कार तथा सम्मानको लागि तथ्याङ्क संकलन, मुल्याङ्कन तथा सम्भावित नाम सिफारीसको लागि गाउँ शिक्षा समितिले तोके बमोजिमको उपसमिति गठन गर्न सक्नेछ । उक्त उपसमितिको कार्यविधि गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

ङ) उपसमितिको बैठक आवश्यकता अनुरुप बस्न सक्नेछ ।

च) यस कार्यविधिमा अन्यत्र जे व्यवस्था गरिएको भए पनि विद्यालयबाट सिफारिस भए वा नभएमा पनि शैक्षिक क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिहरुलाई समेत गाउँ शिक्षा समितिले निर्णय गरि पुरस्कृत गर्न सकिनेछ ।

## परिच्छेद -४

## मुल्याङ्कनको आधार

**६. पुरस्कार तथा सम्मान पाउने व्यक्ति तथा संस्था छनौटका मापदण्डहरुः**

**६.१ विद्यालय पुरस्कार** : विद्यालय पुरस्कारको लागि विद्यालय छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ ।

क) तहगत विद्यार्थी सिकाई उपलब्धि - ६० अंक

कक्षा ३, ५, ८ एस ई.ई. उच्चतम कक्षाका आधारमा सिकाई उपलब्धि (औसत GPA) वापत देहाय अनुसारको अंक प्रदान गर्नेः (विद्यालयले भेरेर प्रमाण संलग्न गरी पठाउने)

- ५० जनाभन्दा बढी विद्यार्थी सहभागी भए (औसत GPA) x १५
- ४१-५० जना विद्यार्थी भएमा (औसत GPA) x १४
- ३१-४० जना विद्यार्थी भएमा (औसत GPA) x १३
- २१-३० जना विद्यार्थी भएमा (औसत GPA) x १२
- २० जना भन्दा कम विद्यार्थी भएमा (औसत GPA) x १०

ख) बाह्य क्रियाकलाप, अतिरिक्त क्रियाकलापमा सहभागिता - ५ अंक

(मुल्यांकनकर्ताः शिक्षा शाखा)

ग)  क्यालेण्डरको कार्यान्वयन, सन्दर्भ सामग्रीको प्रयोग, वार्षिक पाठयोजना, शैक्षणिक योजना अनुसार अध्यापन - १० अंक

(मुल्यांकनकर्ताः शिक्षा शाखा)

घ)  भौतिक व्यवस्थापन, हाता व्यवस्थापन र सरसफाई, कक्षाकोठा व्यवस्थापन, वातावरणीय व्यवस्थापन, फूलवारी, सौन्दर्यता आदि - १० अंक

(मुल्यांकनकर्ताः शिक्षा शाखा)

ङ)  गाउँपालिका मुल्यांकन उप समितिको मूल्यांकन - १५ अंक

**६.२ प्रधानाध्यापक पुरस्कारः** प्रधानाध्यापक पुरस्कारको लागि प्रधानध्यापक छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ ।

क) तहगत विद्यार्थी सिकाई उपलब्धि – ५० अंक

कक्षा ३, ५, ८ र एस.ई.ई. मध्ये उच्चतम कक्षाका आधारमा सैद्धान्तिकमा सिकाई उपलब्धि वापत देहाय अनुसारको अंक प्रादन गर्नेः (विद्यालयले भरेर प्रमाण संलग्न गरी पठाउने)

- औसत विद्यार्थी सिकाई उपलब्धि ८० वा सो भन्दा बढी भए  ५० अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ६०-७९ भएमा  ४५ अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ५०-५९ भएमा  ४० अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ४०-४९ भएमा  ३५ अंक
- औसत विद्यार्थी सिकाई उपलब्धि ४० भन्दा कम भएमा  ३० अंक

ख) उपस्थिति र नियमितता -१० अंक

(प्र.अ. आफुले भरेर वि.व्य.स.अध्यक्षबाट प्रमाणित प्रमाण पेश गर्ने)

- २०० दिन भन्दा बढी उपस्थित भए  १० अंक
- १८१-२०० दिन उपस्थित भए  ८ अंक
- १६१-१८० दिन उपस्थित भए  ७ अंक
- १५१-१६० दिन उपस्थित भए  ६ अंक
- १५० भन्दा कम उपस्थित भए  ५ अंक

ग) योजना (५ वर्षे, १ वर्षे दुवै) निर्माण र योजना कार्यान्वयनको अवस्था  - ५ अंक

(मुल्यांकनकर्ताः शिक्षा शाखा)

घ) करार सम्झौता र कार्यान्वयनको अवस्था - ५ अंक

(मुल्यांकनकर्ताः शिक्षा शाखा)

ङ) अनुशासन, पारदर्शिता र टिम व्यवस्थापन - ५ अंक

(मुल्यांकनकर्ताः शिक्षा शाखा)

च) शिक्षा शाखाको मुल्यांकन - १० अंक

छ) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन - १५ अंक

**६.३ शिक्षक पुरस्कार:** शिक्षक पुरस्कारको लागि शिक्षक छनौट गर्दा निम्न आधारमा मुल्यांकन गरिनेछ ।

क) तहगत विद्यार्थी सिकाई उपलब्धि – ५० अंक

कक्षा ३, ५, ८ र एस.ई.ई. मध्ये उच्चतम कक्षामा आधारमा सैद्धान्तिकमा सिकाइ उपलब्धि वापत देहाय अनुसारको अंक प्रदान गर्नेः (विद्यालयको भरेर प्रमाण संलग्न गरी प्र.अ.ले प्रमाणित गरी पठाउने)

- अध्यापन गरेको मुख्य विषय (हप्ताको कम्तीमा ४ पिरीयड) को विद्यार्थीहरुको औसत विद्यार्थी सिकाइ उपलब्धि (औसत GPA) x१२.५ अंक

ख) उपस्थिति र नियमितता -१० अंक

(प्र.अ.बाट प्रमाणित पेश गर्ने)

- २०० दिन भन्द बढी उपस्थित भए १० अंक
- १८१-२०० दिन उपस्थित भए ८ अंक
- १६१-१८० दिन उपस्थित भए ७ अंक
- १५१-१६० दिन उपस्थित भए ६ अंक
- १५० भन्दा कम उपस्थित भए ५ अंक

ग) प्र.अ. को मूल्याकन १० अंक

घ) वि.व्य.स.को मूल्यांकन ५ अंक

ङ) शिक्षा शाखाको मूल्यांकन १० अंक

च) गाउँपालिका मूल्यांकन उप समितिको मूल्यांकन १५ अंक

(ग, घ, ङ, र च को लागि अनुशासन, सृजनशिलता, जिम्मेवारी वहन गर्ने क्षमता, व्यवहार, आचरण, कृयाशीलता, विद्यार्थी र समुदायसंगको व्यवहारका आधारमा मूल्यांकन गर्ने ।

**६.४ बाल विकास सहयोगी कार्यकर्ता पुरस्कार:** यो पुरस्कारको लागि बाल विकास सहयोगी कार्यकर्ता छनौट गर्दा निम्न आधारमा मुल्याङ्कन गरिनेछ ।

क) तालिमको प्रयोग र बालमैत्री कक्षा व्यवस्थापन ४० अंक

(प्र.अ/स्रोत व्यक्तिले मूल्यांकन गर्ने)

ख) उपस्थिति र नियमितता

(प्र.अ.बाट प्रमाणित प्रमाण पेश गर्ने )

- २०० दिन भन्द बढी उपस्थित भए २० अंक
- १८१-२०० दिन उपस्थित भए १६ अंक
- १६१-१८० दिन उपस्थित भए १४ अंक
- १५१-१६० दिन उपस्थित भए १२ अंक
- १५० भन्दा कम उपस्थित भए १० अंक

ग) प्र.अ.को मूल्यांकन १० अंक

घ) शिक्षा शाखाको मूल्यांकन १० अंक

ङ) गाउँपालका मूल्यांकन उप समितिको मूल्यांकन २० अंक

(ग, घ, र ङ को लागि कक्षाकोठा व्यवस्थापन, अनुशासन, सृजनशीलता, जिम्मेवारी वहन गर्ने क्षमता, जागरुकता, तत्परता, आचरण, विद्यार्थी र समुदायसंगको व्यवहार, आज्ञापालना, कर्तव्यनिष्ठ र क्रियाशिलताका आधारमा मूल्यांकन गर्ने । )

**६.५ विद्यालय कर्मचारी पुरस्कार :** यो पुरस्कारको लागि विद्यालय कर्मचारी छनौट गर्दा निम्न आधारमा मुल्यांकन गरिनेछ ।

क) उपस्थिति र नियमितता

(प्र.अ.बाट प्रमाणित प्रमाण पेश गर्ने)

- २०० दिन भन्दा बढी उपस्थित भए २० अंक
- १८१-२०० दिन उपस्थित भए १६ अंक
- १६१-१८० दिन उपस्थित भए १४ अंक
- १५१-१६० दिन उपस्थित भए १२ अंक

- १५० भन्दा कम उपस्थित भए १० अंक

ख) प्र.अ.को मुल्यांकन २० अंक

ग) वि.व्य.स.अध्यक्षको मूल्यांकन २० अंक

घ) शिक्षा शाखाको मूल्यांकन २० अंक

ङ) गाउँपालका मूल्यांकन उप समितिको मूल्यांकन २० अंक

(ख, ग, घ, र ङ को लागि जिम्मेवारी वहन गर्ने क्षमता, अनुशासन, आज्ञापालना, कर्तव्यनिष्ठ, सृजनशिलता, जागरुकता, तत्परता, क्रियाशिलताका आधारमा मुल्यांकन गर्ने ।)

६.६ **वि.व्य.स.अध्यक्ष, सदस्य, शिक्षा प्रेमी, शिक्षक अभिभावक संघ पुरस्कारः** यो पुरस्कार छनौट गर्दा निम्न आधारमा मुल्यांकन गरिनेछ ।

क) गाउँ शिक्षा समितिको मूल्याङ्कन (अध्यक्षबाट) – ५०अंक

ख) गाउँ शिक्षा मूल्याङ्कन उप समितिको मूल्याङ्कन – ५०अंक

(विद्यालयको विकास, शैक्षिक विकास, क्रियाशीलता, नियमितता, समुदाय परिचालन, योगदान आदिका मूल्याङ्कन गर्ने ।)

७. यस परिच्छेदको मूल्याङ्कन आधारहरुको लागि तथ्याङ्क संकलन तथा मूल्याङ्कनको लागि अनुसूची - १ बमोजिमको फारम तथा निर्देशनको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद – ५
## संशोधन, बचाउ र खारेजी

८. संशोधन, बचाउ र खारेजीः

क) यो मापदण्ड संशोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँ कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सखुवा प्रसौनी गाउँपालिका शिक्षा ऐन २०७७, तथा सखुवा प्रसौनी गाउँपालिका शिक्षा नियमावली २०८० , संग बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

## अनुसूची १

(बुँदा नं. ७ संग सम्बन्धित)

गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गरेको सखुवा प्रसौनी गाउँपालिका शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०८० अनुसार पुरस्कार तथा सम्मानका लागि विद्यालयले भर्ने शैक्षिक पुरस्कार तथा सम्मान मुल्याङ्कन फाराम

विद्यालयको नामः

ठेगानाः

### क) विद्यालयको मुल्याङ्कनका लागि

अ) तहगत औसत सिकाइ उपलब्धि

| कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | | कक्षा १० (SEE औसत GPA) | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि |
| | | | | | | | |

| ........................... | ......................... | .................. |
|---|---|---|
| वि.व्य.स. | अध्यक्षको सही | प्र.अ.को सही |

**मूल्याङ्कन तालिका**

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कन कर्ता | मूल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तहगत विद्यार्थी सिकाई उपलब्धि | ६० | | विद्यालय आफै | |
| २ | बाह्यक्रियाकलाप, अतिरिक्त क्रियाकलाप मा सहभागिता | ५ | | शिक्षा शाखा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | क्यालेण्डरको कार्यान्वयन सन्दर्भ सामग्रीको प्रयोग, वार्षिक पाठयोजना, शैक्षणिक योजना अनुसार अध्यापन | १० | | शिक्षा शाखा | |
| ४ | भौतिक व्यवस्थापन, हाता व्यवस्थापन सरसफाइ, कक्षाकोठा व्यवस्थापन, वातावरणणीय व्यवस्थापन, फूलवारी, सौन्दर्यता आदि | १० | | शिक्षा शाखा | |
| ५ | गाउँपालिका मूल्याङ्कन उप समितिको मूल्याङ्कन | १५ | | मूल्याङ्कन उप समिति | |
| | जम्मा | १०० | | | |

## ख) प्रधानाध्यापकको मूल्याङ्कनका लागि

प्रधानाध्यापकको नामः

विद्यालयको नाम ठेगानाः

अ) तहगत औसत सिकाइ उपलब्धि (विद्यालयको)

| कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | | कक्षा १० (SEE औसत GPA) | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (प्रतिशत) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (प्रतिशत) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (प्रतिशत) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि |
| | | | | | | | |

आ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................ ............................ ....................

वि.व्य.स. अध्यक्षको सही प्र.अ.को सही

मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कन कर्ता | मूल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तहगत विद्यार्थी सिकाई उपलब्धि | ५० | | विद्यालय आफै | |
| २ | उपस्थिति र नियमितता | १० | | विद्यालय आफै | |
| ३ | योजना (५ वर्षे, १ वर्षे दुवै) निर्माण र योजना कार्यान्वयनको अवस्था | ५ | | शिक्षा शाखा | |
| ४ | करार सम्झौता र कार्यान्वयनको अवस्था | ५ | | शिक्षा शाखा | |
| ५ | अनुशासन, पारदर्शिता र टिम व्यवस्थापन | १५ | | बि.व्य.स.अध्यक्ष | |
| ६ | शिक्षा शाखाको मूल्याङ्कन | १० | | शिक्षा शाखा | |
| ७ | गाउँपालिका मूल्याङ्कन उप समितिको मूल्याङ्कन | १५ | | मूल्याङ्कन उप समिति | |
| | जम्मा | १०० | | | |

## ग) शिक्षकको मूल्याङ्कनको लागि

(एक जना शिक्षकका लागि एउटा फाराम प्रयोग गर्नुहोस)

शिक्षकको नामः

विद्यालयको नाम ठेगानाः

अ) तहगत औसत सिकाइ उपलब्धि

| कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | | कक्षा १० (SEE औसत GPA) | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि (औसत GPA) | विद्यार्थी संख्या | औसत सिकाई उपलब्धि |
| | | | | | | | |

नोटः शिक्षकले अध्यापन गर्ने सम्बन्धित कक्षाको उल्लखित कुनै एक मुख्य विषयको सैद्धान्तिकको मात्र भर्ने ।

आ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................ ............................ ...................

वि.व्य.स. अध्यक्षको सही प्र.अ.को सही

मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णङ्क | प्रासाङ्क | मूल्याङ्कन कर्ता | मूल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तहगत विद्यार्थी सिकाई उपलब्धि (औसत GPA x १२.५ अंक) | ५० | | प्र.अ. | |
| २ | उपस्थिति र नियमितता | १० | | प्र.अ. | |
| ३ | प्रधान अध्यापकको मूल्याङ्कन | १० | | प्र.अ. | |
| ४ | वि.व्य.स.को मूल्याङ्कन | ५ | | वि.व्य.स.अध्यक्ष | |
| ५ | स्रोत व्यक्ति/शिक्षा शाखाको मूल्याङ्कन | १० | | शिक्षा शाखा | |
| ६ | गाउँपालिका मूल्याङ्कन उप समितिको मूल्याङ्कन | १५ | | मूल्याङ्कन उप समिति | |
| | जम्मा | १०० | | | |

घ) बाल विकास सहयोगी कार्यकर्ताका लागि

स.का.को नामः

बा.बि.के.को नाम ठेगानाः

अ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................ ........................... ..................

वि.व्य.स. अध्यक्षको सही प्र.अ.को सही

मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कन कर्ता | मूल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १ | तालिमको प्रयोग र बालमैत्री कक्षा व्यवस्थापन | ४० | | प्र.अ. | |
| २ | उपस्थिति र नियमितता | २० | | प्र.अ. | |
| ३ | प्रधान अध्यापकको मुल्यांकन | १० | | प्र.अ. | |
| ४ | शिक्षा शाखाको मूल्याङ्कन | १० | | शिक्षा शाखा | |
| ५ | गाउँपालिका मूल्याङ्कन उप समितिको मूल्याङ्कन | २० | | मूल्याङ्कन उप समिति | |
| | जम्मा | १०० | | | |

## ङ) विद्यालय कर्मचारीका लागि

कर्मचारीको नामः

विद्यालयको नाम ठेगानाः

अ) उपस्थिति र नियमितता

| विद्यालय खुलेको दिन | विद्यालयमा हाजिरी दिन | काज गएको दिन | जम्मा रुजु हाजिर दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................ ........................... ...................

वि.व्य.स. अध्यक्षको सही प्र.अ.को सही

मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कन कर्ता | मूल्याङ्कन कर्ताको सही |
|---|---|---|---|---|---|
| १ | उपस्थिति र नियमितता | २० | | प्र.अ. | |
| २ | प्रधान अध्यापकको मूल्याङ्कन | २० | | प्र.अ. | |
| ३ | वि.व्य.स.को मूल्याङ्कन | २० | | अध्यक्ष | |
| ४ | शिक्षा शाखाको मूल्याङ्कन | २० | | शिक्षा शाखा | |
| ५ | गाउँपालिका मूल्याङ्कन उप समितिको मूल्याङ्कन | २० | | मूल्याङ्कन उप समिति | |
| | जम्मा | १०० | | | |

## च) वि.व्य.स.अध्यक्ष, सदस्य, शिक्षा प्रेमी, शि.अ.संघ पुरस्कार

विद्यालयको नाम ठेगानाः

| क्र.सं. | नाम, थर | पद | ठेगाना | मूल्याङ्कनकर्ता | पूर्णाङ्क | प्राप्ताङ्क | मूल्याङ्कनकर्ताको सही |
|---|---|---|---|---|---|---|---|
| १ | | | | गाउँ शिक्षा समितिको मूल्याङ्कन (अध्यक्ष) | ५० | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्याङ्कन | ५० | | |
| | | | | जम्मा | | | |
| २ | | | | गाउँशिक्षा समितिको मूल्याङ्कन (अध्यक्ष) | ५० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | मूल्याङ्कन उप समितिको मूल्याङ्कन | ५० | | |
| | | | | जम्मा | | | |
| ३ | | | | गाउँशिक्षा समितिको मूल्याङ्कन (अध्यक्ष) | ५० | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्याङ्कन | ५० | | |
| | | | | जम्मा | | | |
| ४ | | | | गाउँ शिक्षा समितिको मूल्याङ्कन (अध्यक्ष) | ५० | | |
| | | | | मूल्याङ्कन उप समितिको मूल्याङ्कन | ५० | | |
| | | | | जम्मा | | | |

.............................　　　　............................　　　　...................

वि.व्य.स.　　　　अध्यक्षको सही　　　　प्र.अ.को सही

**फाराम भर्ने निर्देशनः**

१. पुरस्कार तथा सम्मानका लागि विद्यालयले अनिवार्य रुपमा फाराम भरी सिफारिस गरी तोकिएको मिति भित्र गा.पा.मा. पठाउनु पर्नेछ ।

२. सिफारिस सहितको फाराम भरी प्रमाणित गरेर प्र.अ. र वि.व्य.स.अध्यक्षले मूल्याङ्कन गर्ने ठाउँमा प्राप्ताङ्क चढाइ हस्ताक्षर गरी पठाउनु पर्नेछ ।

३. प्र.अ. र शिक्षकको नाम सिफारिस गर्दा सम्बन्धित तह र विषयको माकर्स लेजर प्रमाणित गरी फाराम साथ नत्थी गर्नुपर्नेछ ।

४. कुनैपनि पुरस्कार तथा सम्मानका लागि सहभागी हुने , मांग दावी तथा सिफारिस गर्ने विद्यालयले अनिवार्य रुपमा विद्यालयको मुल्याङ्कन फाराम (क) को तहगत औसत सिकाइ उपलब्धि फाराम भर्नुपर्नेछ ।

५. प्र.अ., शिक्षक, स.का. र कर्मचारीको नाम सिफारिस गर्दा फाराममा उल्लेखित उपस्थिति विवरण अनिवार्य भर्नुपर्नेछ ।

६. एक भन्दा बढी शिक्षकहरको नाम सिफारिस गर्नुपर्दा प्रत्येक शिक्षकको अलग अलग फाराम भरेर पेश गर्नुपर्नेछ । साथै प्र.अ. शिक्षक, स.का., कर्मचारी, वि.व्य.स.अध्यक्ष, सदस्य, शि.अ.संघ, शिक्षाप्रेमी मध्ये नाम सिफारिस भएजति सबैको अलग अलग फाराम भरेर मूल्याङ्कन गरी पठाउनु पर्नेछ ।

७. उत्कृष्ट विद्यालय तथा विद्यार्थी पुरस्कारका लागि दाबी गर्ने विद्यालयको प्रमाण सहित मागदाबी गर्नुपर्नेछ ।

**आज्ञाले**

**देवनाथ साह**

**प्रमुख प्रशासकीय अधिकृत**